४१. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) अनुसार विल तथा भरपाई सहित लेखा राख्नु पर्दछ। त्यसै गरी सोही नियमको उप नियम ८ बमोजिम रीत पुगे नपुगेको एकिन गरेरमात्र भुक्तानी गर्नु पर्दछ।

क) ११/२०७३।१०।५, गा.वि.स. सचिव शिव रतन साहले रु १०१७ प्रति थानको १०० थान कम्बल खरिद गरी ९७ थान कम्बल वितरण गरेको ल्याप्चे भरपाई पेश गरेको हुदा वितरण नभएको ३ थान कम्बलको मूल्य रु ३०५१। असुल गर्नु पर्दछ।

ख) ३/२०७३।६।२१, सामाजिक परिचालक धर्मेन्द्र कुमार यादवलाई बाल भेला खर्च गरेको भनि रु १२०००। भुक्तानी लिएकोमा विल तथा भरपाई पेश नभएको हुदा सो रकम असुल गर्नु पर्दछ।

ग) ६/२०७३।६।२१, विजुलीको सामान खरिद गरेको भनि मिति उल्लेख नभएको विल पेश गरेको साथै सो सामानहरुको जिन्सी दाखिला समेत नभएको हुदा सो रकम रु ८१६०। असुल गर्नु पर्दछ।

४२. मन्त्रालयको परिपत्र अनुसार, २०७३ श्रावण देखि २०७३ फाल्गुन २७ सम्म रु १५०० ले रु १२०००। सम्म लिन पाउने व्यवस्था रहेकोमा वडा सचिव शिवरतन साहले रु २४०००। लिएको हुदा बढी भुक्तानी रु १२०००। असुल गर्नु पर्दछ।

४३. आन्तरिक लेखापरीक्षणबाट देखिएको व्यहोरा निम्नानुसार समावेश गरिएको छ।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | नियम नपुऱ्याई खर्च गरेको | २५,७२०।- |
| २ | सञ्चय कोष तथा राजश्व दाखिला गर्नुपर्ने | ५०,६२७।६२ |
| ३ | असूल गर्नुपर्ने | २४,१६२।८९ |
| ४ | दफा १७ सैद्धान्तिक | |
| | **जम्मा** | **१,००,५१०।५१** |

गत वर्षसम्मको बाँकी पेश्की रु. ८,७५,५७२।०९ फछ्र्यौट भएको छैन।

**कबहीगोठ गा.वि.स. (२०७३ श्रावण देखि फाल्गुन २७ सम्म)**
**गा.वि.स. सचिव, शिवरत्न साह कानु**

४४. १६/२०७३।११।५, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ अनुसार अधिकार प्राप्त अधिकारीले खर्च गर्दा मितव्ययीता तथा खर्चको औचित्यलाई समेत मध्ये नजर राखेर खर्च गर्नु पर्दछ भन्ने व्यवस्था रहेको छ। गा.वि.स. सचिव शिव रतन साहले मितव्ययीता तथा खर्चको औचित्यलाई समेत मध्ये नगरी रु २६,४९०। को व्यक्तिगत मोवाइल खरिद गरेको हुदा सो रकम असुल गर्नु पर्दछ।

४५. २०/२०७३।११।२७, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) अनुसार विल तथा भरपाई सहित लेखा राख्नु पर्दछ। त्यसै गरी सोही नियमको उप नियम ८ बमोजिम रीत पुगे नपुगेको एकिन गरेरमात्र भुक्तानी गर्नु पर्दछ। इटाही पोखरी मर्मत गरेको भनि पाकिजा कन्स्ट्रक्सन बघबनलाई रु ३०९०४८।६६ भुक्तानी गरेकोमा सो कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्दछ।

४६. कार्यालयले रु ७,०७,५०३। मा विभिन्न १० वटा सार्वजनि निर्माण सम्बन्धी काम तथा विभिन्न गैर सरकारी सघं तथा संस्थाहरुबाट लक्षित वर्ग प्रर्वधनात्मक सम्बन्धी कार्यक्रम संचालन काम गराएको देखियो। यी कामहरुको अनुगमन सम्बन्धीत निकायबाट गर्नु पर्दछ। स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को व्यवस्था अनुसार श्रोत तथा साधनहरुको उच्चतम सदुपयोग हने गरी काम गर्नु पर्दछ। साथै कार्यालयबाट गरेको तथा उपभोक्ता र लाभग्राही समुहहरुबाट संचालति योजनाहरुबाट भएको कामको सार्वजनिक सुनुवाई कार्यविधि, २०६७ को व्यवस्था अनुसार सार्वजनिकिकरण गर्नु पर्दछ।

४७. ११/२०७३।१०।५, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) अनुसार विल तथा भरपाई सहित लेखा राख्नु पर्दछ। त्यसै गरी सोही नियमको उप नियम ८ बमोजिम रीत पुगे नपुगेको एकिन गरेरमात्र भुक्तानी गर्नु पर्दछ। गा.वि.स. सचिव शिव रतन साहले रु १०१७ प्रति थानको ११५ थान कम्बल खरिद गरी १०९ थान कम्बल वितरण गरेको ल्याप्चे भरपाई पेश गरेको हुदा वितरण नभएको ६ थान कम्बलको मूल्य रु ६१०२। असुल गर्नु पर्दछ।

४८. मन्त्रालयको परिपत्र अनुसार, २०७३ श्रावण देखि २०७३ फाल्गुन २७ सम्म रु १५०० ले रु १२०००। सम्म लिन पाउने व्यवस्था रहेकोमा वडा शिवरतन साहले रु २४०००। लिएको हुदा बढी भुक्तानी रु १२०००। असुल गर्नु पर्दछ।

४९. २५/२०७३।१०।११, आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७ मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने तथा तोकिएको काम बाहेक अन्य काममा खर्च गरेको देखिएमा